‘क’ वर्ग

Ankush Daily

# अंकुश दैनिक

✷ वर्ष- २७ ✷ अंक १६९ ✷ २०८३ साउन ०२ गते शनिबार ✷ Ankush Daily, Saturday July 18, 2026 ✷ मूल्य ५

## सरकार र मिटरब्याज पीडितबीच नौ बुँदे सहमति



*राष्ट्रिय समाचार समिति (रासस)*
*काठमाडौँ, १ साउन :*

सरकार र मिटरब्याज पीडितबीच नौ बुँदे सहमति भएको छ। सरकारी वार्ता टोलीका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटा र पीडित पक्षका तर्फबाट अवधेश कुशवाहाबीच फर्जी लिखतहरू खारेज गर्दै मिटरब्याज उन्मूलनको घोषणा गर्ने सहमति भएको हो। सहमतिपत्रमा सरकारी वार्ता टोलीका तर्फबाट सचिव सापकोटा र पीडित पक्षका तर्फबाट कुशवाहाले हस्ताक्षर गर्नुभएको हो।

सहमति अनुसार लामो समयदेखि आर्थिक सामाजिक विसङ्गतिका रूपमा रहेको मिटरब्याजसम्बन्धी समस्यालाई आर्थिक अपराध तथा कुप्रथाका रूपमा लिँदै यसम्बन्धी कुप्रथाको उन्मूलन भएको घोषणा गर्न आगामी मन्त्रिपरिषद्को बैठकमा पेस गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने र सो घोषणासँगै नागरिकमाथि आपराधिक तथा दुषित मनसायका साथ बनाइएका मिटरब्याजसँग सम्बन्धित फर्जि लिखतहरू (तमसुक, दृष्टि बन्धक, रजिष्ट्रेशन, (छिनुवा) पास, बाध्यकारी चेक आदि) स्वतः अवैध हुने सहमति भएको सम्झौतापत्रमा उल्लेख छ।

मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन लागू गर्ने, मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन निर्माण गर्न गृह मन्त्रालयले तीन महिनाभित्र विधेयकको मस्यौदा तयार गरी कानून निर्माणको प्रक्रिया अगाडि बढाउने पनि सहमति भएको छ। ‘मिटरब्याज अपराध नियन्त्रणसम्बन्धी ऐन’ लागू गर्ने सहमति पनि भएको छ। उक्त ऐनमा मिटरब्याजसम्बन्धी अपराधको परिभाषा र कसुरको व्यवस्था कायम गर्ने, पीडितले गुमाएको चलअचल सम्पत्ति फिर्ता दिलाई उचित क्षतिपूर्ति भराउने, भ्रष्टाचार, आपराधिक लाभलगायत गतिविधिबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टालगायत क्षेत्रमा परिचालन गरी शहरी मिटरब्याजीबाट व्यक्तिहरूको उठिबास लाउने समस्या समाधान गर्न कानूनी व्यवस्था गर्ने र मिटरब्याजबारे न्याय निरुपण गर्न मिटरब्याजसम्बन्धी मुद्दा हेर्ने न्यायाधीकरणको व्यवस्था गर्ने प्रावधान राखिएका छन्।

सहमतिपत्रमा भनिएको छ, “मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम वडा कार्यालयमा लिखत प्रमाणीकरण गर्दा रकमको वैधानिक स्रोत, कर तिरेको

*बाँकी अन्तिम पेजमा*

## अन्नपूर्ण अभियानअन्तर्गत असहाय परिवारलाई खाद्यान्न वितरण



*वीरगञ्ज, १ साउन ।*

पूर्ण ब्रह्म कबीर उपासक समाज नेपाल, पर्साको आयोजना तथा ‘अन्नपूर्ण अभियान’ अन्तर्गत वीरगञ्जका विभिन्न वडामा रहेका असहाय तथा विपन्न परिवारलाई शुक्रबार खाद्यान्न सामग्री वितरण गरिएको छ। वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ भिस्वास्थित सन्त रामपालजी महाराजको नामदीक्षा केन्द्रबाट सञ्चालित यस अभियानले विपन्न परिवारलाई लक्षित गर्दै राहत वितरण गरेको हो। संस्थाले गरिब तथा असहाय परिवारलाई भोजन, वस्त्र, चिकित्सा, शिक्षा र बासस्थानजस्ता आधारभूत सेवाहरू उपलब्ध गराउने लक्ष्य राखेको छ।

अभियानअन्तर्गत वीरगञ्ज महानगरपालिकाका विभिन्न स्थानमा पुगेर अति विपन्न परिवारलाई राहत वितरण गरिएको आयोजकले जनाएको छ। जसअन्तर्गत वडा नम्बर १६ की उमरावती देवी र उनका बालबालिका, वडा नम्बर ११ रानीघाटमा डेरा गरी बस्ने रुदल हजरा पासवानको परिवार, सोही वडाका सुरेश शाह र वडा नम्बर २२ जगन्नाथपुरकी सुनिता देवीलाई आवश्यक खाद्यान्न सामग्री प्रदान गरिएको छ। दैनिक छाक टार्न समस्या भोगिरहेका ती परिवारलाई खाद्यान्न प्राप्त भएपछि ठूलो राहत मिलेको छ। संस्थाले ’नेपालमा कोही पनि भोकै बस्न नपरोस्’ भन्ने मुख्य उद्देश्यका साथ यो अभियान सञ्चालनमा ल्याएको जनाएको छ। संस्थाका पर्सा जिल्ला संयोजक नरेश पण्डित दासका अनुसार अन्नपूर्ण अभियानअन्तर्गत आगामी दिनमा पनि पीडित तथा असहाय परिवार पहिचान गरी यस्ता राहत सामग्री निरन्तर उपलब्ध गराइनेछ।

## “नागरिकलाई गुणस्तरीय स्वास्थ सेवा पुऱ्याउन प्रतिबद्ध छौँ”



*राष्ट्रिय समाचार समिति (रासस)*
*जनकपुरधाम, १ साउन :*

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नागरिकलाई गुणस्तरीय स्वास्थ सेवा सहज रूपमा पुऱ्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

मधेस प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहको आज जनकपुरमा उद्घाटन गर्दै उहाँले स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखी नागरिकलाई सर्वसुलभ तथा गुणस्तरीय सेवा पुऱ्याउने प्रदेश सरकारको पहिलो लक्ष्य रहेको बताउनुभयो।

स्वास्थ्य उपचारको अभावमा कुनै पनि नागरिकले ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यका साथ प्रदेशका हरेक अस्पतालमा विशेषज्ञ चिकित्सकसहित औषधि तथा अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रमा सेवा दिने जनशक्तिको ज्ञान, सीप, इमान्दारिता, करुणा र व्यावसायिकताले हजारौँ नागरिकको जीवन रक्षा हुने भएकाले यसतर्फ सचेत रहन सबैलाई आग्रह गर्नुभयो।

स्वास्थ्य निकै संवेदनशील तथा जनातको जीवनसँग जोडिएका क्षेत्र भएकाले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गरेका स्वास्थ्यकर्मीले गुणस्तरियता कायम गर्दै स्वास्थ्य क्षेत्रको सुधारका लागि थप योगदान दिनुपर्नेमा मुख्यमन्त्री यादवले जोड दिनुभयो। प्रतिष्ठानलाई शिक्षण, अनुसन्धान, नवप्रवर्तन तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उत्कृष्ट केन्द्रका रूपमा स्थापित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा शिक्षाविद् तथा राजर्षि जनक विश्व विद्यालयका पूर्वउपकुलपति प्रा डा अमरप्रसाद यादवले स्वास्थ्य क्षेत्रमा कृत्रिम बुद्धिमता, डिजिटल स्वास्थ्य प्रणाली, अनुसन्धान र प्रमाणमा आधारित उपचार पद्धतिले चिकित्सक क्षेत्रलाई थप उचाइमा पुऱ्याउन मद्दत गरेको बताउनुभयो।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा अङ्कुर शाहले दीक्षित विद्यार्थीलाई प्रतिष्ठानबाट सिकेका ज्ञान, सीप, नैतिकता र मानवीय संवेदनालाई आत्मसात् गरेर स्वास्थ्य सेवामा समर्पित हुन आग्रह गर्नुभयो।

विसं २०७७ मा स्थापना भएको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट विभिन्न विधामा उपाधि हासिल गरेका ४३ जना विद्यार्थी दिक्षित भएका छन्। कार्यक्रममा मुख्यमन्त्री यादव र प्रतिष्ठानका उपकुलपति डा शाहले प्रतिष्ठानबाट उत्कृष्ट अङ्कसहित उत्तीर्ण भएका जितेन्द्रकुमार साह, विवेक खडका, जेनिसा लामा, जोशिका शर्मा, मोहम्मद बद्रे आलमलाई स्वर्ण पदकबाट सम्मान गर्नुभयो।

## अदालतको शौचालयबाट हत्कडीसहित भागेका थुनुवा दुई घण्टाभित्रै पक्राउ



*सत्येन्द्र प्रताप सिंह*
*रौतहट, १ साउन ।*

जिल्ला अदालत रौतहटको शौचालयको भेन्टिलेसनबाट हत्कडीसहित फरार भएका एक थुनुवालाई प्रहरीले दुई घण्टाभित्रै पुनः नियन्त्रणमा लिएको छ। चोरी मुद्दाका प्रतिवादी रौतहटको गढीमाई नगरपालिका-६ बस्ने महेन्द्र राय यादवका २५ वर्षीय छोरा करण कुमार यादव शुक्रबार दिउँसो प्रहरीको आँखा छलेर फरार भएका थिए।

जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका यादवलाई अदालती प्रक्रियाका लागि गौर नगरपालिका-३ स्थित जिल्ला अदालत पुऱ्याइएको थियो। सोही क्रममा दिउँसो अन्दाजी ३:५० बजे अदालत परिसरको शौचालय छिरेका उनी भेन्टिलेसनबाट हत्कडीसहितै निस्किएर भागेका थिए। थुनुवा फरार भएको खबर पाउनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटले उच्च सतर्कता अपनाउँदै खोजी कार्य तीव्र पारेको थियो।

प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालको कमाण्डमा जिल्लाभरका मातहतका युनिट तथा प्रहरी टोलीहरू तत्कालै सम्भावित क्षेत्रमा परिचालन गरिएका थिए। प्रहरीको तीव्र सक्रियताका कारण सोही दिन बेलुकी ५:४० बजे यादवलाई यमुनामाई गाउँपालिका-४ स्थित झाझ पुल नजिकैबाट हत्कडीसहितै पक्राउ गर्न प्रहरी सफल भयो। हाल उनलाई पुनः हिरासतमा राखी आवश्यक थप कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

**गुरुहरूप्रति सम्मान व्यक्त गरौं**

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सूचना ! सूचना ! ! सूचना ! ! !**

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
**सडक डिभिजन हेटौँडा**
मकवानपुर

**सडक सीमा खाली गरिदिने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति २०८३/०४/०२**

यस डिभिजन अन्तर्गत त्रिभुवन राजपथको सिरसिया मितरी पुलदेखि बहुअरी गण्डक चोक सडक खण्डमा सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५-२५ मिटर सडक सीमा संरक्षण कार्य सुचारु भइरहेको छ। त्यसैले उक्त क्षेत्रभित्र रहेका पसल वा अन्य संरचनाहरू तुरुन्त खाली गर्न हुन, घरभित्र कोही नबस्न हुन, घरभित्र रहेका सामानहरू हटाउन हुन, होटल, लज र अतिथि गृहमा पाहुना नराख्न हुन समेत यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै सडक सीमा भित्र भत्किएका घरहरू घर भत्केको १५ दिनभित्र आफैँ आफ्ना भत्किएका सरसामानहरू हटाई सडक सीमा संरक्षण कार्यमा सहयोग गरिदिनुहुन यस डिभिजन हार्दिक अनुरोध गर्दछ।

डिभिजन प्रमुख
सडक डिभिजन हेटौँडा